मुख्यमन्त्री

मुख्यमन्त्री
कोशी प्रदेश
विराटनगर, नेपाल

कोशी प्रदेश
पर्यटन वर्ष २०८२

कोशी प्रदेश, विराटनगर, नेपाल

# शुभकामना

आज गणतन्त्र दिवस। यस अवसरमा लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण सहिदहरूप्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दछु। यो ऐतिहासिक परिवर्तनका लागि संघर्ष गर्ने अग्रज राजनीतिक नेतृत्व, नागरिक समाज, सञ्चारकर्मी एवम् लोकतन्त्रप्रेमी जनसमुदायप्रति उच्च सम्मान व्यक्त गर्दछु।

नेपाली जनताको लामो बलिदानीपूर्ण संघर्षबाट प्राप्त गणतन्त्रले आज हामीलाई लोकतान्त्रिक अभ्यास, नागरिक स्वतन्त्रता र समावेशी शासन प्रणालीको यात्रामा अगाडि बढाएको छ। जहानियाँ राणाशासन र निरंकुश पञ्चायती व्यवस्थाविरुद्धको संघर्ष र २०६२/६३ सालको ऐतिहासिक जनआन्दोलनको जगमा नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको यथार्थ सबैका सामु स्पष्ट छ।

लोकतान्त्रिक गणतन्त्रको स्थापनापछि देशले राजनीतिक स्थायित्व, आर्थिक विकास र समृद्धिको दिशामा अघि बढ्ने आधार तयार गरेको छ। विकास निर्माण, पूर्वाधार विस्तार, शिक्षा, स्वास्थ्य, सञ्चार र सामाजिक न्यायका क्षेत्रमा भएका उपलब्धिले देशले सकारात्मक गति लिइरहेको अनुभूति हामीले गरेका छौं। यद्यपि, नागरिकका अपेक्षा, सुशासन, रोजगारी सिर्जना, उत्पादन वृद्धि तथा सेवा प्रवाहलाई थप प्रभावकारी बनाउनु हाम्रो साझा दायित्व हो।

आर्थिक विकास र समृद्धिको बाटोमा देशले हासिल गरेका उपलब्धिलाई नजरअन्दाज गर्दै पछिल्लो समय लोकप्रियतावादको नाममा लोकतान्त्रिक गणतन्त्रकै आधारमाथि प्रश्न उठाउने तथा संस्थामाथि अविश्वास फैलाउने प्रवृत्ति देखिन थालेका छन्। लोकतन्त्र र गणतन्त्र प्राप्तिका लागि संघर्ष गरेका शक्तिहरूबीच सहकार्य, समन्वय र आपसी विश्वासको वातावरण निर्माण गरी गणतन्त्रका उपलब्धिलाई थप सुदृढ र संस्थागत बनाउनु अपरिहार्य छ। सार्वभौमसत्ता, राष्ट्रिय अखण्डता र लोकतान्त्रिक गणतन्त्र नेपालको वर्तमान तथा भविष्यका आधार हुन्। लोकतान्त्रिक संविधानको रक्षा गर्दै गणतन्त्रलाई अझ सुदृढ, उत्तरदायी, पारदर्शी र जनमुखी बनाउनु आजको आवश्यकता हो।

गणतन्त्र दिवसले लोकतान्त्रिक मूल्य, नागरिक अधिकार, सामाजिक न्याय, समावेशी विकास र राष्ट्रिय एकताको भावना थप सुदृढ बनाउन प्रेरणा प्रदान गर्ने विश्वाससहित सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा गणतन्त्र दिवसको हार्दिक शुभकामना व्यक्त गर्दछु।

१५ जेठ २०८३

हिक्मत कुमार कार्की
मुख्यमन्त्री
कोशी प्रदेश

मुख्यमन्त्री